ऐरावती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बरौला, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

प.सं.२०८३/०८४
च.नं.

(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०८)

<u>सूचना नं. ०८/०८३/०८४</u>

## ५०% अनुदानमा मागमा आधारित खाधान्न (गहूँ) बालीको उन्नत बीउ माग गर्ने सम्बन्धी सूचना।

यस ऐरावती गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत खाधान्न (गहूँ) बालीको उन्नत बीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम संचालन गर्नुपर्ने भएकाले यस ऐरावती गाउँपालिका क्षेत्र भित्र खाधान्न (गहूँ) बाली खेतीमा आवद्ध रहनु भएका इच्छुक कृषक/ कृषक समूह/ कृषि सहकारी/ कृषि फर्महरुले तपसिल वमोजिम उल्लेखित कागजातहरु संलग्न राखी सूचना प्रकाशित भएको मितिले १५ दिन (मितिः २०८३/०५/२२) गते भित्र ऐरावती गाउँपालिका कृषि विकास शाखामा दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क.संख्या | गहूँका जातहरुको विवरण | उन्नत बीउको मूल्य (रु.प्रति के.जी.) | कैफियत |
|---|---|---|---|
| १ | भृकुटी, गौतम, डब्लु.के. १२०४, आदित्य, विजय, स्वर्गद्वारी, खुमलशक्ति, मुडुले-१, मुनाल, बोर्लोग-२०२० | ७६।- | यस तालिकामा उल्लेख भएको मूल्यमा कार्यविधिको दफा ८(३) को खण्ड(छ) अनुसार कायम हुने मूल्यको ५०% मूल्य अनुदान उपलब्ध हुने। |

आबश्यक कागजातहरुः

१. आबश्यक पर्ने गहूँको जात र परिमाण सहितको निवेदन।
२. कार्यक्रम माग गर्ने संस्थाको कार्यसमितिको निर्णयको प्रतिलिपी।
३. सामुहिक खेति गर्ने कृषकहरुलाई पहिलो प्रथामिकता दिईनेछ।
४. सामुहिक खेति गर्ने कृषकको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस।
५. कार्यक्रमको प्रस्तावना माग गर्न आउने व्यक्तिको नागरिकताको प्रतिलिपी।
६. दर्ता प्रमाण पत्र र गत आ.व. को कर चुक्ताको प्रतिलिपी।
७. खेती गरिएको जग्गाको लालपुर्जाको प्रतिलिपी वा जग्गा भाडामा भए सम्झौताको प्रतिलिपी।
८. गहूँको बीउ निवेदन र खेती गरिएको जग्गाको आधारमा दिईनेछ।

०५/०८

..............................
सरद गौतम
(प्रमुख प्रशासकीय अधिकृत)

बोधार्थः
श्री सूचना प्रबिधि अधिकृत ज्यू , यो सूचना वेबसाईटमा अपलोड गरी सबै वडाहरुमा ईमेल गरी जानकारी गराईदिनुहुन।